नेपाल सरकार
गृह मन्त्रालय
# कारागार व्यवस्थापन विभाग
कालिकास्थान, काठमाडौं

फोन नं.४४४४५५२
फ्याक्सः ४४४४५५३
कालिकास्थान, काठमाडौं
नेपाल

पत्र संख्याः २०८१/८२
चलानी नं.: ६

मितिः२०८१।०४।०३
ने.सं.:११४४ दिल्लाथ्व,१२ बिहिवार

विषयः आ.व. २०८१।८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशन सम्बन्धमा।

श्री केन्द्रीय कारागार अस्पताल, जगन्नाथदेवल काठमाडौं ।
श्री मनोसामाजिक बन्दी अपाङ्ग अस्पताल, नख्खु ललितपुर ।
श्री कारागार कार्यालयहरु, सबै ।

उपरोक्त विषयमा आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम सम्बन्धमा तपसिल बमोजिमको व्यहोराहरुलाई विशेष ध्यान दिई कार्यान्वयन गर्नु गराउनु हुन निर्देशन गरिएको छ।

तपसिल

१. मन्त्रालयगत बजेट सूचना प्रणालीको (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिनुहुनेछ ।

२. सार्वजनिक खरिद ऐन एवम् नियमावली अनुसार चामल लगायत विभिन्न सामान खरिद/निर्माण गर्दा लागत अनूमान तयार गरि कानून सम्मत प्रकृया पूरा गरेर मात्र खरिद/निर्माण कार्यमा रितपूर्वक खर्च लेख्ने ।

३. सामाजिक सुरक्षा शीर्षकमा प्राप्त रकमबाट अन्य प्रशासनिक कार्यमा खर्च लेख्ने कार्य पूर्ण रुपमा बन्द गर्ने ।

४. LMBIS मा स्वीकृत बजेट रकमको परिधि भित्र रहि स्वीकृत दरबन्दीको सेवा करारमा लिन सकिने रिक्त पदमा करार सेवामा सम्झौता गरि खर्च लेख्ने । यद्यपि बढी रकममा करार सम्झौता गरेमा सो बापत थप बजेट निकासा नहुने ।

५. औषधी खरिद एवम् वितरणको अभिलेख यथार्थपरक रुपमा देखिने गरि अभिलेख राख्नुपर्ने ।

६. गाडी भाडामा लिँदा प्रतिस्पर्धा गराई प्रचलित दररेट भन्दा नबढ्ने गरि लिने र भुक्तानीमा नियमानुसार १० प्रतिशत कर कट्टा गरि भुक्तानी गर्नुहुने ।

७. ट्याङ्करबाट खरिद हुने पानीको गुणस्तर तथा मूल्य एकिन गरि प्रतिस्पर्धा गराई मितव्ययी भई आवश्यक परिमाणमा मात्र खरिद व्यवस्था मिलाउने ।

८. धरौटी बापतको रकम भुक्तानी गरिदा करचुक्ता प्रमाण पत्रको अतिरिक्त मू.अ.क. कर समायोजन पत्र अनिवार्य पेश भए पश्चात मात्र धरौटी रकम भुक्तानी गर्ने ।

९. विद्युत महशुलको खर्च अत्याधिक मात्रामा वृद्धि भै रहेको अवस्थामा अर्थ मन्त्रालयबाट सो अनुरुप बजेट व्यवस्थापन हुन नसकेकोले समयमै महशुल बुझाउन नसकेको कारण विलम्ब शुल्क वा जरिवानाको रुपमा

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
कालिकास्थान, काठमाडौं

फोन नं.४४४४५५२
फ्याक्स: ४४४४५५३
कालिकास्थान, काठमाडौं
नेपाल

पत्र संख्या: २०८१/८२
चलानी नं.: ४

समेत धेरै रकम तिर्नुपर्ने स्थिति देखिएको छ । अर्को तर्फ केहि कारागारहरुमा कैदीबन्दीको/सुरक्षाकर्मीको मेस, कारागार भित्रको चमेनागृह र केहि बन्दीका लागि मात्र सञ्चालित कारखानामा समेत विद्युत प्रयोग हुने गरेको अवस्थामा यस्तो खर्चमा नियन्त्रण गर्न आवश्यक देखिएकोले सबमिटर राखि प्रयोगकर्ता पक्षबाट नै उक्त महशुल खर्च व्यहोर्ने व्यवस्था मिलाउने । अब उप्रान्त मेस तथा चमेनागृहमा प्रयोग गर्न निषेधित गर्ने ।

१०. नगद सिदा, चामल, कपडा, सिरक/डसना सुकुलको खर्च लेख्दा अनिवार्य रुपमा प्रमाणित अभिलेख, बुझेको भरपाई सहित कानून बमोजिम आवश्यक प्रकृया पूरा गरि खर्च गर्ने र सामाजिक सुरक्षाका विभिन्न कम्पोनेन्टहरुमा नपुग खर्च रकमको पुष्टि हुने तथ्य प्रमाण सहित थप बजेट माग गर्ने।

११. औषधी, मर्मत, ईन्धन, कार्यालय सामान जस्ता शीर्षकमा खर्च गर्दा प्राप्त बजेट १२ महिनाको लागि खर्च व्यवस्थापन गर्ने गरि बजेट खर्च व्यवस्था मिलाउने ।

१२. स्वीकृत कार्यक्रमको सञ्चालन साउन महिना भित्रैबाट शुरु गरि सक्ने र कार्यक्रम संशोधन नगरि थप कार्य नगर्ने ।

१३. विगत आ.व. हरुको फछ्र्यौट गर्न बाँकी बेरुजु फछ्र्यौटमा उच्च प्राथमिकता साथ कार्य गर्ने र अब उप्रान्त आर्थिक कारोबार गर्दा लेखापरीक्षण हुँदाको बखत बेरुजु नै उठ्न नसक्ने गरि प्रचलित कानूनको रित पुऱ्याई आर्थिक कारोवार सञ्चालन गर्ने ।

१४. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८१ चैत १५ गतेभित्र अनिवार्य रुपमा समर्पण गर्नु हुनेछ ।

१५. भवन तथा सजावटको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्ने कार्य सम्भव भएसम्म शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यालयहरुबाट गर्नु/गराउनु हुनेछ।

१६. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका २०७१, अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१७. गत आ.व. २०८०/८१ मा प्रचलित कानून, स्वीकृत मापदण्ड बमोजिम विधीसम्मत रुपमा सिर्जित दायित्व कोष तथा लेखा नियन्त्रक कार्यालयबाट म.ले.प.फा.नं. २२१ भरी प्रमाणित गरेर भुक्तानी गर्नुहुनेछ ।

१८. खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणाली अनुसार राख्ने र प्रतिवेदन गर्ने ।

१९. सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२०. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रुपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणाली मार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
# कारागार व्यवस्थापन विभाग
कालिकास्थान, काठमाडौं

फोन नं.४४४४५५२
फ्याक्सः ४४४४५५३
कालिकास्थान, काठमाडौं
नेपाल

पत्र संख्या: २०८१/८२
चलानी नं.: ४

२१. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, ईन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, अनुगमन तथा भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ ।

२२. मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन, फर्निचर, कम्प्युटर, ल्यापटप लगायतका सामग्रीहरु अनिवार्य रुपमा ६ महिनाभित्र लिलाम बिक्री गर्नु हुनेछ ।

२३. अर्थ मन्त्रालयको चालु आ.व. २०८१।८२ को बजेट खर्च कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा उल्लेखित प्रावधानहरुको पूर्ण पालना गर्ने ।

२४. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरि प्रमाणित विवरण विभागमा पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

............
जयनारायण आचार्य
महानिर्देशक

बोधार्थ:

श्री महालेखा परीक्षकको कार्यालय, गृह निर्देशनालय, अनामनगर, काठमाडौं ।
श्रीमान् सचिवज्यू, गृह मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सबै ।